जि.प्र.का. भक्तपुर, द.नं.: ५५२/२०६०

# नेपाल इन्जिनियरिङ कलेज

(पोखरा विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)
चाँगुनारायण न.पा.-४, भक्तपुर, पो.ब.नं. १०२१०, काठमाडौं, नेपाल
फोन नं.: ९७७-१-५२२१००६, ५२२१००१
इमेल: info@nec.edu.np वेभसाइट: www.nec.edu.np

मिति: २०८३/०४/२८

श्री सम्पूर्ण विद्यार्थीहरु
नेपाल इन्जिनियरिङ कलेज
चाँगुनारायण, भक्तपुर

विषय: विद्यार्थीले परीक्षामा अनिवार्य पालना गर्नुपर्ने आचारसंहिता सम्बन्धमा ।

उपर्युक्त विषयमा पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालयबाट मिति २०८३/०४/२७ गते प्रकाशित सूचना अनुसार परीक्षा नियन्त्रण कार्यालयबाट संचालन हुने परीक्षामा परीक्षार्थीहरुले पालना गर्नुपर्ने आचारसंहिता यसै पत्रसाथ संलग्न गरिएको छ । अतः परीक्षार्थीहरुले उक्त आचारसंहिताहरु अनिवार्य रुपमा पालना गर्नुहुन अनुरोध गर्दछु ।

परीक्षा शाखा
नेइक

पोखरा विश्वविद्यालय
परीक्षा नियन्त्रण कार्यालय

# परीक्षार्थीहरुले पालना गर्नुपर्ने आचारसंहिता

पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालयबाट सञ्चालन हुने परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुले पालना गर्नुपर्ने आचारसंहिता देहायबमोजिम रहेको छ :

१. परीक्षार्थीले प्रवेश-पत्रको पछाडी भागमा उल्लेख गरिएका निर्देशनहरु पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

२. परीक्षार्थीले परीक्षा अवधिभर प्रवेश-पत्र अनिवार्य रुपमा आफैसँग राख्नुपर्नेछ ।

३. परीक्षार्थीले Mobile, Smart Watch, Programmable Calculators, Personal computer Digital Camera, Electronic Equipments, Unapproved codes / charts / logbooks / tables /graphs तथा अन्य विद्युतीय सामग्री (Electronic Gadgets) हरु परीक्षा हलमा लैजान पाउनेछैन । यदि उक्त निषेधित सामग्रीहरु परीक्षा हलमा लिएको भेटिएमा परीक्षा केन्द्रले जफत गरी उक्त दिनको वा सम्बन्धित सेमेष्टरको परीक्षा रद्द गरिनेछ ।

४. परीक्षार्थीले मूल उत्तरपुस्तिकाको अग्रभागमा उल्लेख गरिएका सम्पूर्ण निर्देशनहरु पूर्ण रुपले पालना गर्नुपर्नेछ ।

५. परीक्षार्थीहरु परीक्षा केन्द्रले तयार गरेको सिट प्लानिङ्ग अनुसारको सिटमा बसेर परीक्षा दिनुपर्नेछ ।

६. परीक्षार्थीले परीक्षा हाताभित्र अरु कसैलाई ल्याउन पाइनेछैन ।

७. परीक्षार्थीले परीक्षा फाराममा उल्लेख गरेका विषयहरु बाहेक अन्य विषयको परीक्षा दिन पाइनेछैन । यदि दिएको पाइएमा स्वतः रद्द हुनेछ ।

८. परीक्षार्थीले प्रश्नपत्र लिंदा आफ्नो कार्यक्रम/विषयको हो/होइन एवम् Old Course/New Course समेत एकिन गरेर मात्र लिनुपर्नेछ अन्यथा भई रद्द हुन गएमा परीक्षार्थी स्वयम् जिम्मेवार हुनेछ।

९. परीक्षार्थीले उत्तरपुस्तिका, थप उत्तरपुस्तिका तथा ग्राफ पेपरमा तोकिएको विवरण तोकिएको स्थानमा बाहेक अन्य स्थानमा आफ्नो परिचय खुल्ने जस्तैः नाम, रोल नं. उत्तरपुस्तिका नं वा अन्य कुनै किसिमका चिन्हहरु लेख्न पाउनेछैन । यदि यसो गरेको पाइएमा उक्त उत्तरपुस्तिका रद्द गरिनेछ ।

१०. परीक्षार्थीले केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, पर्यवेक्षक र निरीक्षकको निर्देशन पूर्ण रुपले पालना गर्नुपर्नेछ ।

११. परीक्षार्थीले परीक्षा हल छोड्नु भन्दा अगाडि आफ्नो उत्तरपुस्तिका सम्बन्धित निरीक्षकलाई अनिवार्य रुपमा बुझाउनुपर्नेछ ।

१२. परीक्षार्थीले परीक्षा प्रारम्भ भएको एक घण्टा भन्दा अगाडि परीक्षा हल छोड्न पाउने छैन । यदि स्वास्थ्य सम्बन्धी समस्या आई वा अन्य आपतकालिन अवस्था आइपरेमा परीक्षार्थीले केन्द्राध्यक्ष र निरीक्षकको अनुमति लिई परीक्षा हल छोड्न सक्नेछ । तर त्यसरी परीक्षा हल छोडेर जानुपर्ने अवस्थामा प्रश्न-पत्र तथा उत्तरपुस्तिका परीक्षार्थीले लैजान पाउनेछैन ।

१३. परीक्षार्थीले आफ्नो उत्तरपुस्तिका बुझाइसकेपछि परीक्षा परिसर छोड्नुपर्नेछ ।

OFFICE OF THE CONTROLLER OF EXAMINATIONS • POKHARA UNIVERSITY

१४. कुनै किसिमका शारीरिक अपाङ्गता भएका वा दुर्घटनाका कारण आफैले लेख्न नसक्ने अवस्थाका परीक्षार्थीले यथेष्ट प्रमाण सहित सम्बन्धित स्कूल/कलेजमार्फत परीक्षा शुरु हुनु भन्दा १ हप्ता अगाडि नै परीक्षा नियन्त्रण कार्यालयमा निवेदन दिनुपर्नेछ । परीक्षा नियन्त्रण कार्यालयले एक तह मुनि (फरक सङ्कायको) वा +२ अध्ययनरत वा चालु वर्षमा +२ उत्तीर्ण विद्यार्थीहरुलाई लेखन सहयोगीको रुपमा अनुमति दिन सक्नेछ ।

१५. परीक्षार्थीले तोकिएको भाषा वा माध्यममा मात्र उत्तर लेख्न पाइनेछ ।

१६. परीक्षा सञ्चालन कार्यमा खटिएका कुनै पनि व्यक्ति उपर परीक्षार्थीले अभद्र व्यवहार, हुल हुज्जत, धाक धम्की तथा हातपात गर्न पाइने छैन । कुनै परीक्षाथीले त्यस किसिमको अभद्र व्यवहार गरेमा त्यसको प्रकृति हेरी परीक्षा केन्द्रको सिफारिसमा परीक्षा समितिबाट सम्बन्धित विषय वा सबै विषयको परीक्षा रद्द गर्नुको साथै सम्बन्धित विषय/कार्यक्रम, कलेज तथा विश्वविद्यालयको रजिष्ट्रेशन समेत खारेज गरी आवश्यक कानूनी कारवाही गर्न सकिनेछ ।

१७. परीक्षार्थीले व्यक्तिगत वा सामूहिक रुपमा आफ्नो वा अरुको परीक्षा बिथोल्ने जस्ता कार्य गर्न पाउनेछैन । यदि त्यस्तो कार्य गरेको पाइएमा निजको परीक्षा रद्द गरी आवश्यक कानूनी कारवाही समेत गर्न सकिनेछ ।

१८. नक्कली परीक्षार्थी खडा गरी परीक्षा दिएको पाइएमा परीक्षा दिने र दिन लगाउने दुवैको विश्वविद्यालय रजिष्ट्रेशन खारेज गरी आवश्यक कानूनी कारवाही गरिनेछ ।

१९. कुनै कारणवश प्रवेश-पत्र उपलब्ध हुन नसकेमा वा छुट हुन गएमा वा हराएमा सम्बन्धित परीक्षा केन्द्रको केन्द्राध्यक्षबाट प्रमाणित प्रवेश-पत्र लिई परीक्षामा सामेल हुनुपर्नेछ ।

OFFICE OF THE CONTROLLER OF EXAMINATIONS
POKHARA UNIVERSITY